नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३२ अंक ५३ २०७९ साल असोज ३ गते सोमबार (19 Sep 2022 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : निजगढमा नै विमानस्थल उपयुक्त हुने विज्ञ ३ पृष्ठमा : नेपालका संविधानमा कृषि र. ३ पृष्ठमा : महारानी एलिजाबेथको ...

# सप्तरीमा दुई महिनाको अवधीमा २२ जनाद्वारा आत्महत्या




**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

सप्तरीमा आत्महत्याका घटनामा भयाबह बन्दै गएको भन्दै यसको रोकथाम तथा न्युनिकरणका लागि प्रहरीले सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको छ ।

जिल्लामा गत आ.ब. २०७८/७९ मा १ सय ३६ जनाले आत्महत्या गरेका थिए भने चालु आ.ब. २०७९/८० को दुई महिनामै १४ महिला र ८ पुरुष गरि २२ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

यसरी बढ्दो आत्महत्याको दरलाई न्यूनिकरण गर्न सर्वपक्षिय सहभागितामा आमनागरिकलाई सुसिचित गराउने उद्देश्यले उक्त सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले बताए ।

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत आइतबार जिल्ला प्रहरी कार्यालय र सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा आत्महत्या रोकथाम सम्बन्धी सचेतनामूलक र्‍याली सहितको कार्यक्रम आयोजना गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाको प्रमुख आतिथ्यमा समाज बलियो बनाउ, आत्महत्या बन्द गरौं भन्ने मूल नारासहित विभिन्न संघसंस्था, पालिका, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि तथा पत्रकार र विद्यार्थीहरुको व्यापक सहभागितामा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, प्रहरी उपरिक्षक काफ्ले, सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडका, सेनानी प्रभातकिरण श्रेष्ठ, डिएसपी माधवप्रसाद काफ्ले, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव लगायतले व्यवसायिक असफलता, बैंक तथा मिटरब्याजीको तनाव, पारिवारिक झमेला, प्रेम प्रसङ्ग र परिक्षामा असफलता जस्ता विषयले आत्महत्यातर्फ प्रेरित गर्ने स्थिति देखिने गरेको भन्दै त्यसको न्यूनिकरणका लागि जिवनको महत्व झल्काउने गरि चेतना, प्रेरणा र शिक्षा दिनु पर्नेमा जोड दिए ।

# सिटि रिक्सा र मोटरसाइकल ठोकिदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ ३ स्थित शम्भुनाथ पेट्रोल पम्प अगाडी शनिबार सिटि रिक्सा र मोटरसाइकल ठोकिदा एक जनाको मृत्यु भएको छ ।

पश्चिमबाट पुर्व तर्फ आउँदै गरेको प्र.१-०१-००१-ह९६२२ नं.को सिटि रिक्शा र विपरित दिशाबाट आउँदै गरेको अनटेष्ट मोटरसाइकल एक आपसमा ठोकिदा मोटरसाइकल चालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक सप्तरीको रुपनी गाउँपालिका ६ तेरहौता निवासी २२ वर्षिय अभय चौधरी छन् । प्रहरीका अनुसार दुर्घटनामा घाईते भएका चौधरीलाई उपचारका लागी बिराटनगरस्थित नोबेल अस्ताल लगेकोमा मृत्यु भएको हो ।

सिटी रिक्सा र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# खाडो पुलको ढलाई उपकिएपछि रड समेत देखिन थाल्यो



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

सप्तरीको हुलाकी राजमार्ग अन्तर्गत राजविराज-कञ्चनपुर सडक खण्डमा पर्ने खाँडो नदीको पुल संचालन भएको केही वर्ष नबित्दै उपकिन शुरु भएको छ ।

नेपाल सरकारको १० करोडको लागतमा ठेकेदार कम्पनिद्वारा निर्माण भएको उक्त पुल ढलाई गरिएको भाग उपकिन थालेपछि रड समेत देखिन थालेको छ ।

रडसमेत देखिने थालिएपछि निर्माण गरिएको पुलमा गुणस्तरहिन सामग्री प्रयोग गरि स्थानियहरुले आरोप लगाएका छन् । पुलको निर्माणपछि ठाउँ ठाउँमा कम मात्रामा सिमेन्टको घोल हालेको प्रत्यक्ष रुपमा देखिन्छ ।

यस्तै हुलाकी राजमार्ग अन्तर्गत महादेवा गाउँपालिका १ स्थित बोकरो नदीको पुल र अग्निसाईर कृष्णासवरण गाउँपालिका ४ वनौली नजिकै हुलाकी सडकको पुलको र्‍याम्प र नदिमा रहेको अधुरो पुल बर्षौं वर्षदेखि ठेकेदार कम्पनिले निर्माण नगर्दा सो बाटो भएर आवतजावत गर्ने सवारी साधन तथा पैदलयात्रीलाई सास्ती व्यहोर्नु परिरहेको छ ।



# निजगढमा नै विमानस्थल उपयुक्त हुने विज्ञ समूहको निष्कर्ष

काठमाडौँ, २ असोज (रासस)। प्रधानमन्त्री शेरबहादुर देउवालाई अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा सरकारले गठन गरेको विज्ञ समूहले अध्ययन प्रतिवेदन हस्तान्तरण गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बिहान आयोजित कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठको उपस्थितिमा विज्ञ समूहका संयोजक वीरेन्द्रबहादुर देउजाले प्रधानमन्त्री देउवालाई प्रतिवेदन हस्तान्तरण गर्नुभएको हो।

सर्वोच्च अदालतको परमादेशअनुसार पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न मन्त्रिपरिषद्को गत साउन २६ गतेको निर्णयानुसार गठित विज्ञ समूहले अध्ययन प्रतिवेदन तयार गरेको हो। नेपालको दूरगामी विकास तथा आर्थिक समृद्धिका लागि बढ्दो हवाई ट्राफिक धान्नसक्ने पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको विज्ञ समूहको निष्कर्ष छ।

प्रतिवेदनअनुसार पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थलका लागि उपयुक्त स्थान काठमाडौँ-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) र पूर्वपश्चिम राजमार्गसँगै जोडिएको पसाहा नदी र बकैया नदीबीचको करिब नौ हजार हेक्टर क्षेत्रफलभित्रको करिब चार हजार हेक्टर क्षेत्र उपयुक्त रहेको छ। रुख कटानी तथा वातावरणीय क्षति न्यूनीकरण गर्न सर्वोच्च अदालतको आदेशलाई ध्यानमा राखी एयरपोर्ट सिटीको अवधारणालाई पूरै त्याग्नुपर्ने सुझाव विज्ञ समूहले दिएको छ।

**रुख कटानी विभिन्न चरणमा गर्न सुझाव**

करिब नौ हजार हेक्टर संरक्षण क्षेत्र घोषणा गरी विभिन्न चरणमा विमानस्थल निर्माण गर्ने गरी जम्मा करिब चार हजार हेक्टर क्षेत्रफलमात्र विमानस्थल निर्माणका लागि उपयोग गरिनेछ। बाँकी क्षेत्रमा भएका रुखको संरक्षणलगायत नदी कटान रोकथाम तथा अन्य आवश्यक संरक्षण कार्य विमानस्थल व्यवस्थापनले गर्नुपर्ने र पहिलो चरणमा करिब एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा मात्र रुख कटानी गर्ने र बाँकी क्षेत्रमा दोस्रो चरण सुरु नभएसम्म रुख कटान नगर्न भनिएको छ।

वातावरणमा प्रतिकूल असर नपर्ने गरी वातावरणीय व्यवस्थापन योजना तयार गर्नेगरी सोको कानुनी विधि र प्रक्रिया पूरा गरी आवश्यक स्वीकृति प्राप्त गरी विमानस्थल निर्माण कार्य गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। वातावरण र विकासलाई सरकारले समुचित सन्तुलन तथा व्यवस्थापन गर्दै जानसक्ने अन्तर्राष्ट्रिय कानुन एवं सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेत रहेकाले देश विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न नेपालको संविधानले सरकारलाई संवैधानिक दायित्व दिएको प्रतिवेदनमा स्मरण गरिएको छ।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आवश्यक जग्गा प्राप्त गरी प्रभावित सरोकारवालालाई कानूनबमोजिमको मुआब्जा, क्षतिपूर्ति तथा पुर्नर्वासको व्यवस्था गरी निर्माण कार्य गर्नु विज्ञ समूहको प्रतिवेदनमा उल्लेख छ। पर्सा राष्ट्रिय निकुञ्जको विस्तारित क्षेत्रभित्र हात्तीको प्रमुख जैविक मार्ग रहेको तर केही हात्ती निर्माणस्थलको नजिकै विचरण गर्न आउने क्षेत्र निर्माणस्थलभन्दा बाहिर रहेकाले सो क्षेत्रसमेत सरकारले संरक्षण गर्नसक्ने प्रतिवेदनमा भनिएको छ।

यस्तै चराचुरुङ्गीको हकमा लामो दूरीका अन्तर्राष्ट्रिय बसाइँसराइ गर्ने तथा हवाई दुर्घटनाका कारक हुनसक्ने ठूला प्रजातिका चरा (हाँस, चिल, गिद्ध)को मार्ग निर्माणस्थल नजिक नदेखिएको साथै नेपालका सङ्कटापन्न गिद्धको उपस्थिति पनि सो क्षेत्रमा न्यून रहेको प्रतिवेदनमा उल्लेख छ।

**अन्तर्राष्ट्रिय हवाई रुट दुईतर्फी गर्न सकिने**

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा सञ्चालन भएपछि नेपालको हवाई आकाशमाथिबाट उड्नेगरी प्रस्तावित हिमालय-दुई रुट (काठमाडौँ-गुवाहाटी-कुनमिङ) र एल-६२६ (काठमाडौँ-महेन्द्रनगर दिल्ली)लाई दुईतर्फी गर्न सकिने तथा यसबाट युरोप, मध्यपूर्व, पूर्वी एशिया प्रशान्त क्षेत्रका मुलुकसम्म आउनेजाने दुईतर्फी अन्तर्राष्ट्रिय हवाई उडानको दूरी, समय र इन्धन खपत उल्लेखनीयरुपमा घट्न जाने र इन्धनको बचतबाट कार्बन उर्सजन कम हुन जाने प्रतिवेदनमा जनाइएको छ।

पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण जति ढिला भयो, उति महँगो र जटिल हुँदै जाने र नेपालको विकासको प्रतिफल ढिलो हुँदै जाने हुँदा विशेष अधिकार सम्पन्न विकास संस्था गठन गरी यसलाई समयबद्ध तवरले छिटो निर्माण गर्नुपर्ने सुझावसमेत विज्ञ समूहले दिएको छ।

प्रधानमन्त्री देउवाले विमानस्थल निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो। निर्धारित समयमै विज्ञ समूहले अध्ययन गरी प्रतिवेदन बुझाएकामा प्रधानमन्त्री देउवाले धन्यवाद दिनुभयो। मन्त्री श्रेष्ठले विज्ञ समूहले दिएको प्रतिवेदनअनुसार काम अघि बढाउने बताउनुभयो। पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य छिट्टै सुरु गरिने उहाँको भनाइ छ। हवाई पूर्वाधार विज्ञ वीरेन्द्रबहादुर देउजाको संयोजकत्वमा रहेको विज्ञ समूहमा अर्थशास्त्री रामेश्वर खनाल, विकास योजना विज्ञ डा सूर्यराज आचार्य, सहरी विकास विज्ञ प्रा डा सङ्गीता सिंह, वन्यजन्तु तथा वातावरण विज्ञ प्रा डा प्रेमबहादुर बुढा, वनस्पति तथा वातावरण विज्ञ प्रा डा सुरेशकुमार घिमिरे, समाजशास्त्री डा लछी सिंह, वरिष्ठ पाइलट कृष्णविक्रम पौडेल, वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली र हवाई रुट विज्ञ महेशकुमार बस्नेत सदस्य हुनुहुन्थ्यो।

# 'जलवायु सङ्कटकाल' घोषणा गर्ने तयारीमा वन मन्त्रालय

काठमाडौँ, २ असोज (रासस)। जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन (कोप-२७) को मिति नजिकिँदै गर्दा वन तथा वातावरण मन्त्रालयले 'जलवायु सङ्कटकाल' घोषणा गरेर विश्वको ध्यान केन्द्रित गर्ने योजना बनाइरहेको छ।

संयुक्त राष्ट्रसङ्घले नै विश्वभर जलवायु परिवर्तनका कारण मानवीय सङ्कट सुरु भएको भनेकाले नेपाल जस्तो उच्च जोखिमयुक्त मुलुक पनि यस विषयमा गम्भीर हुन जरुरी रहेको निष्कर्षमा वन तथा वातावरण मन्त्रालय पुगेको बताइएको छ।

वन तथा वातावरणमन्त्री प्रदीप यादवले 'जलवायु सङ्कटकाल' घोषणा गरेर विश्वको ध्यान केन्द्रित गर्नका लागि योजना बनाउने जानकारी यसअघि नै दिनुभएको छ। यसै आधारमा सो मन्त्रालयले यसको अध्ययन तथा सम्बन्धित विज्ञसँग राय सुझाव लिन सुरु गरेको छ।

मन्त्रालयका जलवायु महाशाखा प्रमुख बुद्धिसागर पौडेलले सङ्कटकाल घोषणाको अध्ययन र प्राविधिक तयारी भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार सङ्कटकाल लगाएपछि फाइदा वा घाटा के हुन्छ, कुनै क्षेत्र विशेषमा असर पर्छ कि भन्ने विषयमा अध्ययन गर्ने भनेर तथ्य-तथ्याङ्क जुटाउने र विश्लेषण गर्ने काम सुरु गरिएको छ।

'जलवायु सङ्कटकाल' घोषणा गरेपछिको अवस्थाकाबारेमा अध्ययन गरी जानकारी लिनका लागि मन्त्रालयले एक प्राविधिक टोली पनि तयार गरिरहेको बताइएको छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको भनेर निरन्तर सचेत गराइरहेका छन्।

जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमका विषयमा तथ्याङ्क राख्ने अन्तर्राष्ट्रिय संस्था 'जर्मनवाच' का अनुसार नेपाल अहिले जलवायु परिवर्तनका कारण उच्च जोखिम भएका देशमध्ये दशौँ स्थानमा पर्छ। सङ्कटकाल नै घोषणा गर्न भने हतार गर्न नहुने अधिकांशको भनाइ छ।

तथ्यमा आधारित प्रमाणसहित 'जलवायु सङ्कटकाल' घोषणा गर्न आवश्यक रहेको यसका विज्ञ तथा मन्त्रालयका कर्मचारीको भनाइ छ। नेपाल सरकारसँग अहिलेसम्म जलवायु परिवर्तनकै कारण कति हानिनोक्सानी भयो भन्ने यकीन तथ्याङ्क नभएका कारण सङ्कटकाल घोषणापछि त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने योजना बनाउनुपर्ने आवश्यकता रहेको यस क्षेत्रका विज्ञहरुको भनाइ छ।

मुलुकले लामो समयदेखि पर्यावरणीय र जलवायुजन्य समस्या भोग्दै आए पनि सरकारले कोपकस्-२७ को तयारीका क्रममा सङ्कटकाल घोषणाका विषयमा सरोकारवाला निकाय र विज्ञसँग छलफल गरिरहेको छ।

उता वन तथा वातावरणमन्त्री प्रदीप यादव नेपालका हिमाल, कृषि, पानीका स्रोतलगायत सबै क्षेत्रमा देखिने गरी जलवायु परिवर्तनको असर परिरहेकाले नेपालमा जलवायु सङ्कटकालको घोषणा गरी विश्वको ध्यानाकर्षण गर्नुपर्ने बेला भएको दाबी गर्दै आउनुभएको छ।

हालसम्म विश्वका ३९ देशले जलवायु सङ्कट घोषणा गरेका छन्। जलवायु परिवर्तनको असरले नेपालमा प्राकृतिक विपद्का घटना बर्सेनि दोहोरिइरहने तथा हरेक वर्ष कहिले खडेरी हुने त कहिले भारी वर्षाका कारण बाढी, पहिरो आउने समस्याका कारण ठूलो मात्रामा धनजनको क्षति भइरहने एवं पछिल्ला केही वर्षयता हिमालमा हिउँ पग्लिने र मधेस तथा पहाडमा खानेपानी र सिँचाइकै समस्या हुने खालका समस्या बढ्ने गरेका छन्।

जलवायु सङ्कटकाल घोषणा गर्ने खास मापदण्ड नभए पनि यसको संवेदनशीलताको मनन् गरी घोषणा गर्नुपर्ने सबैको राय छ।

# नेपाल र विश्व बैंकबीच सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर

काठमाडौँ, २ असोज (रासस)। नेपाल सरकार र विश्व बैंकबीच क्षेत्रीय यातायात तथा व्यापार आवद्धता अभिवृद्धि तथा आवद्धता आयोजनाका लागि २७ करोड ५० लाख डलर (रु ३४ अर्ब ९६ करोड ) र डिजिटल नेपाल गतिवृद्धि (डिएनए) आयोजनाका लागि १४ करोड डलर (रु १८ अर्ब)को सहुलियतपूर्ण ऋणसम्बन्धी वित्तीय सम्झौतामा हस्ताक्षर भएको छ।

अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकर' तथा विश्व बैङ्कका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन राइजरको उपस्थितिमा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सचिव कृष्णहरि पुष्कर र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले सम्झौतामा हस्ताक्षर गर्नुभयो।

सो अवसरमा सचिव पुष्करले समावेशीरूपमा आर्थिक,सामाजिक र विकासका क्षेत्रलाई सघाउन सुदृढ आवद्धता तथा व्यापार सेवाग्राही र व्यवसायीबीच सूचना प्रविधिमार्फत सम्पर्क गर्न तथा क्षेत्रीय बजारमा पहुँच आदिका माध्यमबाट नेपालको आर्थिक सम्भावना उजागर गर्न नेपाललाई यी आयोजनाले सहयोग गर्ने बताउनुभयो।

राष्ट्रिय निर्देशक हदाद-जर्भोसले नेपालको व्यापार वृद्धिका लागि दीर्घकालीन दिगोपन र लगानीको उत्थानशीलता सुनिश्चित गरी नवीन डिजिटल अर्थतन्त्रलाई सुदृढ बनाउन र नेपालमा डिजिटल रूपान्तरणलाई सहयोग गर्न विश्व बैंक प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

सम्झौताअनुसार क्षेत्रीय यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रमअन्तर्गत पूर्व-पश्चिम राजमार्गको बुटवल गोरुसिङ्गे चन्द्रौटा सडकको ६९ किलोमिटर दुई लेनको खण्डलाई जलवायु अनुकुल चार लेनको राजमार्गमा स्तरोन्नति गरिनेछ। सुदृढ सडक सुरक्षा सुनिश्चित गर्न ध्यान केन्द्रित गर्दै यस आयोजनाले भारतको पश्चिमी बन्दरगाहसम्म राम्रो पहुँच पुऱ्याएर यात्रा समय ३० प्रतिशतले घटाउने अपेक्षा गरिएको छ। विशेषगरी महिला उद्यमी र व्यापारीमा आर्थिक अवसर वृद्धि गर्न ध्यान दिँदै यस आयोजनाले राजमार्गमा आवश्यक इन्टरनेट र व्यापार सूचना सुविधासहितको कम्तीमा तीनवटा बजार क्षेत्र निर्माण गर्नेछ।

यसैगरी डिजिटल नेपाल गतिवृद्धि आयोजनाले विसं २०७६ मा नेपाल सरकारले घोषणा गरेको देशको डिजिटल अर्थतन्त्र रणनीतिअन्तर्गतको डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन गर्न सघाउनेछ। हाल उच्च गुणस्तर र किफायती इन्टरनेटको सेवाबाट बञ्चित ग्रामीण क्षेत्रमा यस आयोजनाले ब्रोडब्यान्ड इन्टरनेट सेवाको पहुँच बढाउन निजी क्षेत्रको पूँजी परिचालन गर्ने भएकाले त्यहाँका वासिन्दा तथा व्यवसायीलाई फाइदा पुऱ्याउनेछ।

यसबाट नेपालको सार्वजनिक तथ्याङ्क पूर्वाधार र साइबर सुरक्षा क्षमता सुधारमार्फत सरकारी सेवालाई सुरक्षित तवरले डिजिटल प्रविधिमार्फत वितरण गर्न सघाउने हुँदा महिला, आदिवासी तथा सामाजिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिसम्म डिजिटल सेवाको पहुँच वृद्धि हुनेछ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालका संविधानमा कृषि र किसान

**राजाराम कार्की**

काठमाडौँ, २ असोज (रासस)।

नेपालको पहिलो संविधान जारी भएको ४६ वर्ष पछिका संविधानले कृषि उत्पादनलाई जोड दिएको इतिहास छ। 'नेपाल सरकार वैधानिक कानून' का नामबाट जारी नेपालको पहिलो संविधान २००४ सालमा बनेको हो। यो संविधान २००५ वैशाख १ गतेदेखि लागू भएको थियो।

पञ्चायती व्यवस्थाको अन्त्यपश्चात् जारी 'नेपाल अधिराज्यको संविधान- २०४७' को भाग ४ को धारा २६ को उपधारा (५) मार्फत पहिलो पटक कृषि उत्पादन बढाउन संविधानले प्रष्ट बोलेको छ। संविधानको उक्त उपधाराले-"राज्यले उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाको सिर्जना गर्ने र भूमिसुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगका रुपमा विकास गर्नेछ", उल्लेख छ।

संविधानका जानकारले संविधानलाई मूल कानूनकारुपमा व्याख्या गरेका छन्। जब मुलुकमा खाद्यान्नको अभाव देखिन थाल्यो तब मात्र संविधान बोलेको पाइयो। विसं २०३५ सम्म नेपालले खाद्यान्न निर्यात गर्दथ्यो। खाद्यान्न निर्यात रोकिएको झन्डै १२ वर्षपछि जारी २०४७ सालको संविधानले पहिलोपल्ट उत्पादन बढाउन जोड दिएको थियो।

त्यसअघि जारी भएको 'नेपाल सरकार वैधानिक कानून-२००४', 'नेपालको अन्तरिम शासन विधान, २००७', 'नेपाल अधिराज्यको संविधान २०१५', 'नेपालको संविधान २०१९', र 'नेपालको अन्तरिम संविधान २०६३' ले कृषि र किसानका विषयमा उल्लेखनीय विषय उठान गरेको पाइँदैन।

नेपालमा पटकपटक संविधान जारी हुँदै शासन व्यवस्था सञ्चालन भएको आजसम्म जम्मा ७५ वर्ष पुगेको छ। ६८ वर्षपछि अर्थात् २०७२ मा जनताका जनप्रतिनिधिले पारित गरेको पहिलो र नेपालको सातौँ संविधान २०७२ असोज ३ गते राजपत्रमा प्रकाशित भएको थियो।

सोही दिनको सम्झनामा प्रत्येक वर्ष असोज ३ लाई संविधान दिवसका रुपमा विभिन्न कार्यक्रम आयोजना गरी संविधान मनाइँदै आएको छ। नेपालको सातौँ संविधान २०७२ ले कृषि क्षेत्रमा अन्य संविधानलेभन्दा धेरै विषय समेटेको छ। संविधानको भाग (३) मौलिक हक र कर्तव्यअन्तर्गत धारा (१) मा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हकको व्यवस्था गरेको छ। धारा (२) ले प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थालाई सुरक्षित हुने कुरा उल्लेख गरेको छ। धारा (३) ले प्रत्येक नागरिकलाई कानूनबमोजिम खाद्य सम्प्रभुताको हक उल्लेख गरेको छ।

वरिष्ठ कानून व्यवसायी हरिप्रसाद दुलाल भन्नुहुन्छ, "सातौँ संविधान २०७२ ले जनतालाई अधिकार दिएको छ। तर आवश्यक उत्पादन नबढ्ने र अर्कातर्फ आयातमा नियन्त्रण भएमा संविधान कार्यान्वयन हुँदैन।" सोही संविधानको धारा ५१ ले राज्यका नीतिअन्तर्गत उपधारा (१) मा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने कुरा उल्लेख गरेको छ। उपधारा (२) ले अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कुरा उल्लेख गरेको छ।

उपधारा (३) ले किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औधोगिकीकरण, विविधीकरण र आधुनिकीकरण तथा उपधारा (४) ले भूमिको उत्पादनशीलता प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समूचित उपयोग गर्ने कुरा उल्लेख गरेको छ। उपधारा (५) ले कृषकका लागि कृषि सामग्री कृषिउपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने उल्लेख छ।

कानून व्यवसायी हरि ढुङ्गेलले संविधानमा अधिकारका धेरै विषय लेखिएका भए पनि किसानले समयमा मल बीउबिजन नपाएको थुप्रै वर्ष भएको बताउनुहुन्छ। त्यसो त नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २०३० को दशकको मध्यतिर त्यसबेला बिबिसी वर्ल्ड सेवामा कार्यरत पत्रकारद्वय मणि राणा र ध्रुवहरि अधिकारीलाई बेलायतमा अन्तर्वार्ता दिनुहुँदै, गाउँका युवा सहरमा केन्द्रिकृत भएसम्म गाउँका प्रायःखेतीयोग्य जमिन बाँझो हुने उल्लेख गर्नुभएको थियो।

कोइरालाको सो अन्तर्वार्ताको झन्डै पाँच दशक पुग्नै लाग्दा नेपाल सरकारले २०७६ सालमा प्रकाशित गरेको कृषि डायरीमा १० लाख ३० हजार हेक्टर जमिन बाँझो भएको उल्लेख गरेको छ। नेपालमा कूल खेतीयोग्य जमिनको हिस्सा ३० लाख ९१ हजार हेक्टर छ। एक हेक्टर जमिन बराबर २० रोपनी जमिन हुन्छ। कालन्तरसम्म पनि दिगो कृषि विकासका लागि राज्यले उपयुक्त स्थानसम्म कृषि सडक, उचित बजार, सिँचाइको उचित प्रबन्ध तथा कृषि ऋण सहजरुपमा प्रवाह गर्न सकिरहेको छैन। फलस्वरुप उर्वर खेतीयोग्य जमिन घडेरीका नाममा टुक्राटुक्रा पारिएको छ। भूमाफियाले प्लटिङ गरी मनग्य आम्दानी गर्दा सरकारले नियन्त्रण गर्न सकिरहेको छैन। प्लटिङका नाममा सार्वजनिक जमिन, कब्जा हुँदै गएको छ। जसका कारण पशुपालनका निम्ति नभई नहुने चरण क्षेत्र कब्जा हुँदै गएको छ।

भूमिसुधार ऐन-२०२१ लागू भएदेखि २०७९ सम्म पुग्दा नेपालमा ३७ व्यक्ति कृषिमन्त्री भइसकेका छन्। कृषिको दिगो विकासका लागि भन्दै संसद्ले १० ऐन, कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ४२ थान कार्यविधि तथा ३९ थान निर्देशिका र ३४ थान नीति बनाएका छन्। यस अवधिमा कृषि क्षेत्रको कूल गार्हस्थ्य उत्पादन घट्दै गएको छ।

कृषि गणना, २०६८ ले नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२ प्रतिशत रहेको उल्लेख छ। यस अवधिसम्म पुग्दा कृषि क्षेत्रको कूल गार्हस्थ्य उत्पादन २५ प्रतिशतमा सीमित हुन पुगेको छ भने वार्षिक झन्डै रु चार खर्ब बराबरको खाद्यान्न तथा तरकारी, फलफूल एवं माछामासुको आयात भइरहेको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। संविधानमा लेखिदैमा किसान र कृषिका विषयले परिणाम हात लाग्ला भन्न सकिदैन। संविधानमा उल्लेखित विषय कार्यान्वयमा आएमात्र संविधान सफल भएको मान्न सकिन्छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**




**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग
**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774
**Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## महारानी एलिजाबेथको अन्त्येष्टिमा भाग लिन राष्ट्रपति मुर्मु लन्डनमा

लन्डन, २ असोज (रासस/एएनआई)।

भारतका राष्ट्रपति मुर्मु महारानी एलिजाबेथ द्वितीयको राजकीय अन्त्येष्टिमा भाग लिन यहाँ आउनुभएको छ। भारत सरकारको तर्फबाट शोक व्यक्त गर्न उहाँ बेलाइतको औपचारिक भ्रमणमा आउनुभएको हो। सोमबार महारानी एलिजाबेथको राजकीय सम्मानका साथ वेष्टमिनिस्टर गिर्जाघरमा अन्त्येष्टि हुँदैछ।

भारतका राष्ट्रपति आइतबार महारानीको कफिनाई समाधिस्थ गरिनेस्थलमा उपस्थित हुनुहुनेछ भने बकिङ्घम दरबार नजिकस्थित ल्यान्कास्टर हाउसमा भारत सरकारको तर्फबाट शोक पुस्तिकामा हस्ताक्षर गर्नुहुनेछ। सोमबार बिहान ११ बजे हुने अन्त्येष्टि सेवा अघि बकिङ्घम दरबारमा विदेशी नेताका लागि राजा चार्ल्स तृतीयद्वारा आयोजित स्वागत समारोहमा सहभागी हुनुहुनेछ।

त्यसपछि उहाँ बेलाइतका विदेश, राष्ट्रमण्डल र विकास मामिलामन्त्री जेम्स क्लिभरलीले आयोजना गर्ने स्वागत समारोहमा पनि सहभागी हुनुहुने कार्यक्रम छ।

बेलाइतकी पूर्वराष्ट्रप्रमुख तथा राष्ट्रमण्डल प्रमुख महारानी एलिजाबेथ द्वितीयको ९६ वर्षको उमेरमा गत भदौ २३ गते स्कटल्याण्डको ग्रीष्मकालीन निवास बालमोरल दरबारमा निधन भएको हो। महारानीको सम्मानमा भदौ ११ गते भारतभर राष्ट्रिय शोक मनाइएको थियो। बेलाइत साम्राज्यको पतन र आफ्नै परिवारमा अव्यवस्था देखाउने अशान्त युगमा बेलाइतको सबैभन्दा लामो समय शासन गर्ने राजा तथा स्थिरताको प्रतीक उहाँ ७० वर्षसम्म राजसिंहासनमा रहनुभयो।

## अल-सेबाबका ४३ लडाका मारिए

मोगादिसु, २ असोज (रासस/सिन्ह्वा)।

मध्यसोमालियाको एबोरे क्षेत्रमा गरिएको कारबाहीका क्रममा यहाँ हिंसा मच्चाइरहेका अल सेबाबका कम्तीमा पनि ४३ जना लडाका मारिएको बताइएको छ।

सोमाली राष्ट्रिय सेनाले गरेको कारबाहीका क्रममा ती सैनिक मारिएका अधिकारीले जनाएका छन्। अल-सेबाबका लडाकाले उक्त क्षेत्रमा केही समय यतादेखि हिंसा मच्चाइरहेको सूचनाका आधारमा यहाँको सेनाले गएराति हवाई कारबाही गरेको थियो।

उक्त कारबाहीका क्रममा शनिबार राति ती लडाका मारिएका यहाँको राष्ट्रिय रेडियो, एसएनए रेडियोले जनाएको छ।

एबोरे क्षेत्रको बुला बार्ता जिल्लामा अल-सेबाबका लडाकाले आश्रय लिएर तालिम केन्द्र सञ्चालन गरेको सूचना यहाँको सूचना मन्त्रालयले प्राप्त गरेपछि यहाँको सेनाले सो आक्रमण गरी कारबाही थालेको र शनिबार रातिको सो कारबाहीका क्रममा ती लडाका मारिएको बताइएको छ।

त्यस कारबाहीका क्रममा उनीहरुको आश्रयस्थल नष्ट भएको र केही लडाका घाइते भएका पनि बताइएको छ। यहाँको सरकारले आतङ्ककारी घोषणा गरेको सो अल सेबाब समूहका विरुद्धमा सोमालियाको सेनाले केही हप्तादेखि प्रतिरक्षात्मक कारबाही थालेको छ।

सो कारबाही यहाँको सेनाले यहाँका केही सामुदायिक समूहसँग मिलेर गरेको पनि सेनाले जनाएको छ। एबोरे क्षेत्रमा अल सेबाबले आफ्नो तालिम केन्द्र सञ्चालनमा ल्याएको बताइएको छ। सो क्षेत्रमा उनीहरुको बढी मात्रामा प्रभाव रहेकाले सरकारले यस क्षेत्रमा हमला गर्ने गरेको बताइएको छ।

## पाकिस्तानमा अविरल वर्षा र बाढीका कारण १५ सयभन्दा बढीको मृत्यु

इस्लामावाद, २ असोज (रासस/सिन्ह्वा)।

पाकिस्तानमा मध्य जुनदेखि हालसम्म जारी अविरल वर्षाका कारण आएको बाढीमा परी मृत्यु हुनेको कुल सङ्ख्या एक हजार पाँच सयभन्दा बढी पुगेको छ। यस प्रकोपमा परी १२ हजारभन्दा बढी घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जनाएको छ।

एनडीएमएले शनिबार साँझ जारी गरेको प्रतिवेदनअनुसार देशमा छुट्टाछुट्टै वर्षा वा बाढीसम्बन्धी दुर्घटनामा ज्यान गुमाउनेमा पाँच सय ५२ बालबालिका र तीन सय १५ महिला रहेका छन्।

देशको दक्षिणी प्रान्त सिन्ध सबैभन्दा बढी प्रभावित क्षेत्र भएको छ। यहाँ यस प्रकोपमा परी छ सय ७८ व्यक्तिको मृत्यु भएको बताइएको छ।

त्यसपछि उत्तरपश्चिम खैबर पख्तुनख्वा र दक्षिणपश्चिम बलुचिस्तान प्रान्त छन् जसले क्रमशःतीन सय ६ र दुई सय ९९ जनाको मृत्यु भएको जनाइएको छ। यसबाहेक, पाकिस्तानका विभिन्न भागहरूमा १९ लाख ४३ हजार नौ सय ७८ घर ध्वस्त भएका र नौ लाख ४३ हजार नौ सय नौ पशुधनको मृत्यु भएको जनाइएको छ।

यस मौसमी वर्षा र बाढीकोकारण १२ हजार सात सय ३५ किलोमिटर लामो सडक र तीन सय ७५ पुलमा क्षति पुगेको उल्लेख गरिएको छ। यसका अतिरिक्त ८१ जिल्ला र अनुमानित तीन करोड ३० लाख ४६ हजार तीन सय २९ मानिस बाढीबाट प्रभावित भएका एनडीएमएले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ। बाढी प्रभावित क्षेत्रमा एनडीएमए, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाद्वा उद्धार र राहतकार्य जारी रहेको छ।

# मानवअधिकारको प्रवर्द्धनमा अभियान्ता सँगसँगै हिड्ने प्रतिवद्धता



**दैनिक समाचारदाता**
**काठमाडौं, २ असोज ।**

जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चापागाईले मानव अधिकारको रक्षा र प्रवर्द्धनका लागि स्थानीय तहले नीति निर्माण र कार्यान्वयनमा जोड दिएका छन् ।

एम्नेस्टी इन्टरनेशनल नेपालले आईतबार बुटवलमा आयोजना गरेको मानव अधिकार शिक्षा तथा परिवर्तन अभिमूखिकरण कार्यक्रममा बोल्दै उनले मानवअधिकारको प्रवर्द्धनमा अभियान्ता सँगसँगै हिड्ने प्रतिवद्धता समेत व्यक्त गरे ।

कार्यक्रममा उनले एम्नेस्टी अभियान्तासंग आफूपनि सँगसँगै रहेको बताउँदै मानिसको बाँच्न पाउने अधिकार सुरक्षित हुनुपर्ने र मानवअधिकार संरक्षणमा आफूपनि सँगसँगै रहेको उल्लेख गरे ।

मावनअधिकारको रक्षाको लागि स्थानीय सरकार पनि उत्तिकै जिम्मेवार रहेको बताउँदै मानव अधिकारमैत्री नीति निर्माण र त्यसको कार्यान्वयनमा उनले जोड दिनुभयो ।

एम्नेस्टी इन्टरनेशनल नेपालका अध्यक्ष विपिन बुढाथोकीले मानव अधिकारको क्षेत्रमा एम्नेस्टीले खेलेको भूमिकाको बारेमा जानकारी गराउँदै संस्थागत सुधार तथा सुशासनको विषयमा जानकारी गराएका थिए ।

त्यस्तै नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखेलले मानवअधिकारको रक्षा र प्रवर्द्धनमा एम्नेस्टीले खेलेको भूमिकाको प्रशंसा गर्दै अभियानलाई अझै ससक्त बनाउन पनि सुझाव दिए ।

एम्नेस्टी नेपालका पूर्व अध्यक्ष राजन कुइकेलले एम्नेस्टी नेपालको मानव अधिकार आन्दोलनको जेठो संस्था रहेको बताउँदै संक्रणकालिन न्यायको सन्दर्भमा यसले अनवरत काम गरेको उल्लेख गरे । उनले मानव अधिकारको रक्षा र पैरवीको लागि राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय दवाव सिर्जना गर्ने जानकारी गराए ।

एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाले मानवअधिकारको सवालमा विश्वव्यापी रुपमा भईरहेको परिवर्तनले मानव अधिकारमा पार्ने प्रभाव र एम्नेस्टीले खेल्ने भूमिकाका बारेमा प्रकाश गरे ।

कार्यक्रममा एम्नेस्टी नेपालकी रणनीति तर्जुमा समितिकी संयोजक पार्वता आचार्य, एम्नेष्टी नेपालका कोषाध्यक्ष रोशन बजगाँई, बोर्ड सदस्य देवेन्द्र सेजुवाल लगायतले मानव अधिकार र एम्नेस्टीले गर्ने कामहरुको बारेमा प्रकाश पारेका थिए ।

एम्नेस्टी मानवअधिकारको प्रवर्द्धनको लागि विश्वव्यापी सञ्जाल हो । मावन अधिकारको रक्षा, प्रवर्द्धन र पैरवीका लागि यसले काम गर्दै आएको छ ।

# भन्सार छली ल्याउँदै गरेको अबैध सामानसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

सप्तरी प्रहरीले भारतबाट भन्सार छलेर ल्याउँदै गरेको पान मसाला लगायत अन्य सामानहरुसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

शनिबार राती करिब ८ बजेतिर राजबिराज नगरपालिका वडा न. १६ बोरिया स्थित प्रहरी टोलीले दक्षीणबाट आउदै गरेको स.९.प.४५१३ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा भन्सार छलेर ल्याएका रजनीगन्धा ५९ र तुलसी पत्ता १ झोला बरामद गरेको छ । सो मोटरसाईकलमा सवार सप्तरीको छिन्नमस्ता गाँउपालिका ४ निवासी २२ वर्षिय कमलेश रजकलाई समेत नियन्त्रणमा लिएको छ ।

प्रहरीले नियन्त्रणमा लिएका मोटरसाइकल, सामानको मुल्याङकन गरी र व्यक्तिसहितलाई आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाइएको जनाएको छ ।

यस्तै प्रहरीले आइतबार बोदेबरसाईन नगरपालिका वडा नं. ७ कुशमहा स्थितमा भारतीय नम्बरको बीआर-०७ए.एच३३८० नं. को मोटरसाइकलसहित भारतको सितमढी बस्ने २० बर्षका बिकाश कुमार सहनीलाई भन्सार छली चोरी निकासी गरी ल्याएका २३ थान डसना बरामद गरेको छ ।

बरामद डसना, मोटरसाइकल र व्यक्तिलाई आवश्यक कारवाहीको लागी भन्सार कार्यालय तिलाठी पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५


# लोसपाले बिरोध दिवस मनाउने

**दैनिक समाचारदाता**
**काठमाडौं, २ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले असोज ३ गते मनाइने संविधान दिवसलाई 'विरोध दिवस' को रुपमा मनाउने निर्णय गरेको छ ।

लोसपा अध्यक्ष महन्थ ठाकुरले एक विज्ञप्ति जारी गरी संविधानमा पूर्ण रुपमा सहमति नरहेको भन्दै आफूहरुको माग समेटी संविधान संशोधन नभएसम्म विरोध रहिरहने उल्लेख गरेका छन् ।

लोसपाले संविधान दिवसलाई विरोध दिवसको रुपमा मनाउन पार्टीका नेता, कार्यकर्ता तथा शुभचिन्तकहरुलाई पालिका स्तरसम्म विरोधका विभिन्न कार्यक्रमहरु गर्न आग्रह गरेको हो ।

# जसपाकी नेतृ अमृता अग्रहरी नेकपा एमालेमा प्रवेश



**दैनिक समाचारदाता**
**काठमाडौं, २ असोज ।**

तत्कालिन राष्ट्रिय जनता पार्टी (हाल जनता समाजवादी पार्टी) का तर्फबाट प्रतिनिधिसभा सदस्य बनेकी अमृता अग्रहरी आइतबार नेकपा एमालेमा प्रवेश गरेकी छिन् ।

आइतबार नेकपा एमालेको सचिवालयको बैठक चलिरहेको बेला उनी सो पार्टीका प्रवेश गरेकी हुन् । उनलाई पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले खादा ओढाएर पार्टी प्रवेश गराएको पार्टीका नेता योगेश भट्राईले सामाजिक संजालमार्फत जानकारी गराएका हुन् ।

"नेपालको लोकतान्त्रिक आन्दोलनका नेता गजेन्द्र नारायण सिंहको प्रेरणाबाट राजनीतिमा कृयाशिल हुँदै हाल प्रतिनिधिसभा सदस्य तथा जसपाकी नेतृ अमृता आग्रहरी औपचारिक रुपले नेकपा एमालेमा समाहित हुनुभएको छ ।" नेता भटराईले सामाजिक संजालमा फोटो पोष्ट गर्दै उल्लेख गरेका छन् ।


संविधान दिवस भव्यरुपमा मनाऔं

- असोज ३, संविधान दिवस, राष्ट्रिय दिवसका रुपमा मनाऔं।
- संघ, प्रदेश एवं स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं: संविधान दिवसको महत्व बढाऔं।
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money – Chaudhary Group


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np